## अनुसूची - १

( दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित )

# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या २ मितिः २०७५/०३/१२

## भाग-१

## भीरकोट नगरपालिका

## भीरकोट शिक्षा ऐन, २०७५

**नगर सभाबाट स्वीकृत मितिः २०७५/०३/१२**

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ र स्थानीय तह संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुसार नगरपालिकाको कार्य क्षेत्र भित्र रहेको माध्यमिक तह सम्मको शिक्षा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न भीरकोट नगरपालिका भित्रको शैक्षिक गुणस्तरलाई प्रभावकारी रुपमा अगाडि वढाउन आवश्यक देखिएकाले भीरकोट नगर सभाले संविधानको अनुसूची ८ को क्रम संख्या (८) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (ज) मा उल्लेखित कार्यलाई प्रभावकारी रुपमा अगाडि वढाउन स्थानीय सरकार संचालन ऐनको दफा १०२ बमोजिम भीरकोट नगर सभाले भीरकोट शिक्षा ऐन, २०७५ जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भीरकोट शिक्षा ऐन, २०७५" रहेको छ ।

भीरकोट नगरपालिका

(२) यो ऐन भीरकोट नगरपालिकामा लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले भीरकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगर सभा" भन्नाले भीरकोट नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्दछ।

(च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक तहसम्मको शिक्षा सम्झनु पर्दछ ।

(छ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्दछ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ।

(झ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

(ञ) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ ।

(ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ।

(ठ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँदछ ।

(ढ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँदछ ।

(ड) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरीएको विद्यालयलाई जनाउँदछ ।

(ण) "शैक्षिक गुठी" भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्दछ ।

(त) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरीकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.),

परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरीकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँदछ ।

(थ) "प्रारम्भिक बालशिक्षा" भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्दछ।

(द) "अभिभावक" भन्नाले शिक्षा ऐन २०२८ बमोजिमको व्याख्यालाई जनाउने छ ।

## परिच्छेद २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन,

**३. माध्यमिक शिक्षाको प्रकारः** (१) माध्यमिक शिक्षा देहाय बमोजिम हुनेछन्ः–

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**४. शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपालको संविधान, २०७२ बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ,

(३) गैर नेपालीले भीरकोट नगरपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने छ,

**५. विशेष शिक्षा, खेलकुद शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, खेलकुद शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालनको व्यवस्था गर्न सक्नेछ।

**६. विद्यालयको वर्गीकरणः** (१) विद्यालयको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

**७. विद्यालय संचालन गर्न अनुमति लिनुपर्नेः** (१) नेपाली नागरीकले सामुदायिक विद्यालय वा शैक्षिक गुठी र संस्थागत विद्यालय खोल्न चाहेमा तोकिए बमोजिमको ढाँचामा नगरपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेका निवेदन उपर आवश्यक छानविन गरी बोर्ड वैठक समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएका आधारभूत तह सम्मका विद्यालयलाई बोर्ड बैठक र माध्यमिक तह सम्मका विद्यालयलाई नगर सभाबाट अनुमति प्रदान गरीनेछ ।

भीरकोट नगरपालिका

**८. नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको संचालन तथा व्यवस्थापनः** (१) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको संचालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ।वालशिक्षा संचालन र व्यवस्थापन सम्बन्धि कार्य तोकिए बमजिम हुनेछ ।

**९. सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेः** (१) नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय संचालन हुन सक्नेछ ।

**१०. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** (१) नगरपालिका भित्र रहेका विद्यालयहरु सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्ने कार्य तोकिए बमोजिम गर्न सक्नेछ ।

**११. नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र संचालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछः–

| | | |
|---|---|---|
| (क) नगरपालिकाको प्रमुख | – | संयोजक |
| (ख) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक | – | सदस्य |
| (ग) नगरपालिकाले तोकेको नगर सभाका सदस्यहरु मध्येबाट एक जना महिला सहित २ जना | – | सदस्य |
| (घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितीले मनोनित गरेको २ जना | — | सदस्य |
| (ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट नगर शिक्षा समितीले मनोनित गरेका कम्तीमा २ जना महिला र दलित सहित चार जना | – | सदस्य |
| (च) उच्च तहको सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु वा मावि तहको महिला शिक्षक मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको २ जना | – | सदस्य |
| (छ) नगरपालिकाको शिक्षा शाखा प्रमुख | – | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृत आमन्त्रित सदस्यको रुपमा रहनेछन् ।

(३) शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१२. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन, शिक्षा ऐन, २०२८ को दफा १२ बमोजिम हुनेछ।

(२) उपदफा १ बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र योग्यता तोकिए बमोजिम हुनेछ ।

(३) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछः

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति — अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना — सदस्य

ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट सम्बन्धित नगरपालिकाले मनोनित गरेको १ जना — सदस्य

घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक — सदस्य

ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको १ जना — सदस्य

च) शेयर सदस्य मध्ये २ जना — सदस्य

छ) विद्यालयको प्रधानाध्यापक —सदस्य सचिव

**१३. नगरपालिकाले शिक्षकको दरवन्दी, हेरफेर मिलान तथा व्यवस्थापनः** (१) नगरपालिकाले सामुदायिक विद्यालयको दरबन्दी हेरफेर, मिलान र व्यवस्थापन गर्दा दरवन्दी व्यवस्थापन सर्वेक्षण समितिको सिफारिसको आधारमा गर्नेछ ।

(२) दरवन्दी व्यवस्थापन सर्वेक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

**१४. शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ती विकास सम्बन्धी व्यवस्थाः** (१)शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ती विकास तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४

## सामुदायिक विद्यालयको भौतिक, पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

**१५. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेशावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**१६. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरीएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम संघ संस्थालाई हस्तान्तरण गरीनेछ वा नभएमा नगरपालिका शिक्षा कोषमा जम्मा गरीनेछ ।

भीमदत्त नगरपालिका

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालन गरीएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

**१७. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ ।

**१८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) आधारभूत तह सम्म शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

(५) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्वअध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**१९. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः** (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गर्न सक्ने छ ।

(२) विद्यालयले बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामूखि क्रियाकलापहरु संचालन गर्न सक्नेछ ।

## परिच्छेद ५

**२०. संस्थागत (निजी) विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्थाः** (१) संस्थागत (निजी) विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## परीक्षा संचालन तथा गुणस्तर मापन

**२१. आधारभूत तह कक्षा ८ को परीक्षा संचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः** (१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरीनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत - (संयोजक)

(ख) आधारभुत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु मध्येबाट
नगरपालिका शिक्षा समितिका अध्यक्षले तोकेका ३ जना
(सामुदायिक प्रधानाध्यापक बाट २ र सस्थागत प्रधानाध्यापक बाट १ जना) - सदस्य

(ग) स्रोतव्यक्ति मध्येवाट परीक्षा समितिले मनोनितत १ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(४) आधारभूत तह कक्षा ५ को अन्त्यमा हुने परीक्षाको संचालन सम्बन्धी सम्पूर्ण दायित्व स्रोत केन्द्रको हुनेछ ।

(५) कक्षा १० र १२ को पारिक्षा परीक्षा वोर्डले तोके बमोजिम हुनेछ ।

(६) उपर्युक्त बमोजिमको काम गर्दा नगर शिक्षा समितिको राय सल्लाह अनुसार गरीनेछ।

## परिच्छेद ७

## विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

**२२. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२३. अनुदानको व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिन सक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

**२४. लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्नको लागि वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

**२५. सामुदायिक विद्यालयको खाता संचालनः** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

(२) माध्यमिक विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ र आधारभुत विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतवाट खाता संचालन गरीने छ ।

**२६. लेखा परीक्षण तथा सामाजिक परीक्षणः** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको अनुमति प्राप्त/ दर्तावाल लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्य योजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

**२७. शुल्क सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयको शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ८

## स्रोतकेन्द्र सम्बन्धी व्यवस्थाः

**२८.स्रोतकेन्द्र स्थापनाः** (१) नगरपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्युनतम एउटा स्रोतकेन्द्र रहने छ । तर ३० भन्दा बढी विद्यालय भएमा दुई ओटा र ५० भन्दा बदी विद्यालय भएमा बढीमा ३ ओटासम्म स्रोतकेन्द्र रहने छ ।

(२) स्रोतकेन्द्रमा माध्यमिक तहको स्थायी शिक्षक मध्येवाट तोकिए बमोजिम छनोट गरीएको स्रोतव्यक्ति रहनेछ र शिक्षक एक जना आधारभुत तहको हुनेछ ।

(३) स्रोतकेन्द्र तथा स्रोतव्यक्तिबाट बार्षिक तथा मासिक कार्ययोजना बनाई शिक्षा शाखा प्रमुख बाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षिक सहयोग, नेपाल सरकार तथा नगरपालिकाको निणर्य, निर्देशन अनुसार सूचना प्रवाह तथा कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद ९
## विशेष शिक्षा सम्बन्धीः

**२९. प्राविधिक तथा व्यवसायिक शिक्षाः** (१) नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथ सि.टि.ई.भि.टी. बाट स्वीकृत कार्यक्रम निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको संचालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन गरी , विद्यालयलाई थप सुविधा प्रदान र आवस्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**३०. खुल्ला तथा विशेष शिक्षाः** (१) नगरपालिका भित्र खुल्ला तथा विशेष शिक्षा सम्वन्धी कार्यक्रम संचालन गर्न सक्नेछ ।

## परिच्छेद १०
## विविधः

**३१. विद्यालयको विधानः** (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, संचालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरीएको विधान अभिभावक भेलाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विधान अभिभावक भेलाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विद्यालय संचालन गर्ने सिलसिलामा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैले विधान सम्मत रुपमा कार्य गर्नु पर्नेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

**३२. नगरपालिकाले निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**३३. विद्यालयलाई सुरक्षित र शान्ती क्षेत्रको रुपमा कायम गर्नु पर्ने:** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३४. प्रगति विवरण बुझाउनु पर्ने:** (१) सवै विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**३५. शिक्षा विकास कोष:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिकस्तर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको संचालन तोकिएको बमोजिम हुनेछ ।

**३६. नियम बनाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यकता अनुसार नियम, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**३७. बचाउ र लागू नहुने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा भएको व्यवस्था सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिनागरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) यस ऐनमा समावेश भएका विषयहरु नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय तथा प्रादेशिक शिक्षा ऐनसँग बाझिएकोमा यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(४) यस ऐन लागु हुनु पूर्व भएका सम्पूर्ण कामकारवाही र सेवा सर्तहरु तत्कालिन कानून बमोजिम भए गरेको मानिने छ र यसमा कुनै कटौती गरिने छैन ।

आज्ञाले,

नामः धर्म राज ढुंगाना

प्रमुख प्रशासकिय अधिकृत